# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## परासी, नवलपरासी (ब.सु.प.)
## लुम्बिनी प्रदेश, नेपाल

प.सं. : २०७८/०७९

च. नं

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश

मिति : २०७८।०५।१२

## "हार्दिक अपिल"

मिति २०७८।०५।१० गते राती तथा २०७८।०५।११ गते विहान यस नगर क्षेत्रमा परेको बाढिबाट कैयौ नागरिकहरुको घरको भौतिक संरचनामा क्षति पुग्नुका साथै मूल्यवान् सामग्रीहरु डुबानमा परी नगरबासीलाई हुन गएको क्षति प्रति हामी दुःखी छौं । वडा नं. १८ पम्फापुर निवासी विनोद पासी र निजका छोराको डुबानबाट भएको मृत्युको खबरले हामी स्तब्ध छौं । मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना टक्र्याउँदछौं । यस विपदको घडीमा धैर्य हुन, रोगब्याधी फैलन सक्ने तर्फ सचेत रहन र धन सम्पत्ति नष्ट भई दुःखमा परेका नागरिकलाई एक आपसमा सहयोग पुर्याउन हार्दिक अनुरोध गर्दछौं ।

बाढिबाट प्रभावित भई दैनिक छाक टार्न समस्यामा परेका नागरिकहरुलाई तत्कालका लागि खाद्य सामग्री जुटाउन राहत स्वरुप नगद रकम वडा कार्यालय मार्फत वितरण गर्ने व्यवस्था मिलाएका छौं । भौतिक संरचना र अन्य सम्पत्तिमा भएको क्षतिको विवरण वडा कार्यालयहरु मार्फत संकलन गर्ने व्यवस्था मिलाएका छौं । क्षतिको वास्तविक विवरण एकिन भए पश्चात् सो सम्बन्धमा आवश्यक व्यवस्थाका लागि नगरपालिका तथा अन्य निकायबाट थप पहल गर्ने नै छौं । बाढिको प्रभावबाट अन्य कुनै रोगब्याधि फैलिन नदिन सरसफाई सम्वन्धी सचेतना , पिउने पानीमा शुद्धीकरण गर्ने गराउने तथा तत्काल राहत पुग्ने औषधि वितरण गर्ने कार्य स्वास्थ्य शाखा मर्फत गर्ने गरी व्यवस्था मिलाएका छौं । अझै पनि मौसममा पूर्ण सुधार नआएकोले सम्भाव्य बाढिको प्रभावबाट थप धनजनको क्षति हुन नदिन सम्पूर्ण नगरबासी सचेत भई सुरक्षित रहनु हुन सबैमा अनुरोध गर्दछौं ।

(नरेन्द्र कुमार गुप्ता)

नगर प्रमुख

email: municipalityramgram@gmail.com
phone: 078520193